| क.सं. | कार्यहरु | आवश्यक कागजात/व्यक्ति/प्रक्रिया |
|---|---|---|
| ३.३.१ | मुद्दा दर्ता/वयान/म्याद जारी | - अभियोग पत्रसाथ प्रतिवादीलाई कार्यालय वन्द हुने समय भन्दा कम्तिमा डेढ घण्टा पहिले उपस्थित गराइएको हुनु पर्ने ।<br>- फरार प्रतिवादीको ३ पुस्ते विवरण स्पष्ट वतन र सम्पर्क नं. समेत अभियोग पत्रमा स्पष्ट खुलेको हुनुपर्ने । |
| ३.३.२ | म्याद/तारीख तोक्ने प्रमाण मुकरर गर्ने /पेशी तोक्ने । | - सम्वन्धित प्रतिवादी तारेखमा रहेको वा म्याद/तारेख गुजारेको वा थुनामा रहेको र अंग पुगेको हुनुपर्ने । |
| ३.३.३ | फैसला तयारी गर्ने | |
| ३.३.४ | सवारी दुर्घटनाका मृतकका हकदार/घाइतेलाई क्षतिपूर्ति, राहत, औषधी उपचार दिलाई भराई दिने । | - दुर्घटना पुष्टि हुने मुचुल्का सहितका कागजातहरु (सम्वन्धित प्रहरीबाट) (घटना मुचुल्का, लाश वुझेको पत्र, मेडिकल प्रतिवेदन, मृतकको नागरिकता, मृत्यु दर्ता प्रमाणपत्र नजिकको हकदारको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित पत्र र सम्वन्धित स्थानीय निकायको सिफारिस) सहित सम्वन्धित व्यक्ति/हकदार स्वयं उपस्थित हुनु पर्ने ।<br>- सवारी धनीका तर्फबाट सवारीधनी प्रमाणपत्र, विमा आलेख, अख्तियारनामा रकम वुझाउनेको परिचयपत्र सहित सम्बन्धित व्यक्ति उपस्थित हुनु पर्ने । |
| ३.३.५ | दण्ड जरिवाना असुल गर्ने । | |
| ३.३.६ | विगो दिलाउने भराउने । | - मुद्दा अन्तिम किनारा भएको वा पुनरावेदन अवधी नाघेको हुनु पर्ने ।<br>- सम्वन्धित जाहेरवाला, घाइते उपस्थित भई नागरिकता प्रमाणपत्र वा पहिचान खुल्ने कागजात सहित मुलुकी ऐन दण्ड सजायको महलको ४२ नं. बमोजिम ३ वर्ष भित्र निवेदन दिनु पर्ने ।<br>- प्रतिवादी फरार रहेको/धरौट जमानत नराखेको वा राखिएको धरौट जमानत न्यून रही ठहरेको विगो भराउन नसकिएको अवस्थामा विगो भराउन सम्वन्धित प्रतिवादीको नेपाल सरहद भित्रको जायजेथा देखाई दरखास्त दिनु पर्ने । |
| ३.३.७ | धरौटी फिर्ता गर्ने | - यस कार्यालयबाट भएको फैसलामा चित्त वुझी पुनरावेदन नगर्ने भए सोही ब्यहोरा खुलाई नागरिकता प्रमाणपत्र साथ निवेदन दिनु पर्ने । |